चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०६/२९
बैठक संख्या : तेश्रो (२०८२/०८३)

आज मिति २०८२ साल असोज २९ गते बुधवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

<u>उपस्थिति</u>

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा, वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री प्रकाश चन्द्र शर्मा | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री बसन्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री शिव बस्नेत | इन्जिनियर | |
| २१. | श्री सन्तोष पुन | इ. प्रा. नी. | |

गाउँकार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०६/२९
बैठक संख्या : तेश्रो (२०८२/०८३)

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।
२. चन्द्रकोट आधारभुत अस्पताल संचालन सम्बन्धमा।
३. अस्पताल संचालन कार्यविधि सम्बन्धमा।
४. विविध।

क) एम्बुलेन्स माग गर्ने सम्बन्धमा।
ख) लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा।
ग) शुभकामना आदान प्रदान गर्ने तथा सचेतनामुलक सुचना जारी गर्ने सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको पहिलो बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकामा संचालनका तयारीमा रहेको चन्द्रकोट आधारभुत अस्पतालको संचालनार्थ मिति २०८२ असोज ३० गते विहानको शुभ मुहुर्तमा बैधिक विधि अनुरुप गृह प्रवेश गर्ने साथै सोही समयदेखि नियमित तथा आकस्मिक सेवा सुचारु गर्ने। यसैगरी गाउँ कार्यपालिकाको पछिल्लो निर्णयानुसार शाखासँगको समन्वयमा तत्कालका लागि स्वास्थ्यकर्मी खटन पटन गर्ने। यसैगरी चन्द्रकोट ४ मा संचालन भैरहेको शान्तिपुर आँखा उपचार केन्द्रलाई समेत सोही भवनबाट संचालन हुने व्यवस्थाका लागि अस्पताल संचालक समिति सँग समन्वय गर्ने। यसैगरी अस्पतालको नियमित रेखदेख र व्यवस्थापकीय कार्य गर्नका लागि यस कार्यालयमा कार्यरत जनस्वास्थ्य निरीक्षक सन्तोष पुनलाई जिम्मेवारी प्रदान गर्ने।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा संचालनको अन्तिम तयारीमा रहेको चन्द्रकोट आधारभुत अस्पतालको संचालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन चन्द्रकोट आधारभुत अस्पताल संचालन कार्यविधि २०८२ लाई स्वीकृत गर्ने।

४. प्रस्ताव नं. ४ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) यस चन्द्रकोट गाउँपालिकामा मिति २०८२/०६/३० गतेदेखि नियमित संचालन हुन लागेको चन्द्रकोट आधारभुत अस्पतालको सेवालाई प्रभावकारी बनाउन तथा गम्भिर प्रकृतिका विरामी तथा गर्भवती महिलाहरुलाई सहज रुपमा अस्पताल समक्ष ल्याउन तथा अस्पतालबाट अन्य अस्पतालमा रिफर गर्दा त्यहाँसम्म सुरक्षित पुग्नका लागि हाल पालिकाको नांममा कुनैपनि एम्बुलेन्स नभएको हुँदा यस अस्पतालको नामबाट संचालन हुनेगरी १ वटा एम्बुलेन्स निःशुल्क रुपमा प्राप्त गर्नका लागि भारतीय राजदुताबास समक्ष माग गर्ने।

प्रकाश चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०६/२९
बैठक संख्या : तेश्रो (२०८२/०८३)

ख) हाल यस चन्द्रकोट गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रालयको मिति २०८२/०५/२२ गतेको निर्णयानुसार यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत बुद्ध प्रकाश पौडेलको सरुवा भएको र २०८२/०६/१२ को रमाना अनुसार निज सरुवा भएको कार्यालयमा गैसकेको अवस्था रहेको छ। साथै सोही मन्त्रालयको सोही मितिको निर्णयानुसार रा.प.तृतिय श्रेणीका शाखा अधिकृत निरञ्जन ज्ञवाली (कर्मचारी संकेत नम्बर १९५८२६) को यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतका रुपमा यस कार्यालयमा सरुवा भएतापनि निज हाल सम्म पनि यस पालिकामा हाजिर हुन नआएको अवस्था रहेको छ। हाल यस पालिकामा आर्थिक अधिकार विहिन नि. कार्यालय प्रमुखले कार्यालय नियमित संचालन गरिरहेको अवस्थामा छ। यस अवधिमा चाडवाडको समय भएको र बाटो सरसफाईको काम संचालन गर्न कोटेशन प्रकृयामा जान सुचना प्रकाशित गर्नुपर्ने बाध्यकारी व्यवस्था भए बमोजिम नि.प्रमुख प्रशासकीय अधिकृत प्रकाश चन्द्र शर्माद्धारा तपशिल बमोजिम लागत अनुमान जारी भएकोमा त्यसलाई अनुमोदन गर्ने।

तपशिल

| क्र.सं. | योजनाको नाम | लागत अनुमान रु | लागत अनुमान स्वीकृत मिति |
|---|---|---|---|
| १ | वडा स्तरीय मोटरबाटो सरसफाई कार्यक्रम वडा नं. ३ | ५,८२,०००/- | २०८२/०६/२४ |
| २ | वडा स्तरीय मोटरबाटो सरसफाई कार्यक्रम वडा नं. ७ | ६,३०,५००.४७ | २०८२/०६/२७ |

ग) नेपालीहरुको दोश्रो ठूलो पर्व शुभदिपावली २०८२ को अवसरमा गाउँ कार्यपालिका सदस्यहरु बीच शुभकामना आदान प्रदान सम्पन्न भयो। यसैगरी सोही अवसरमा समस्त जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, शिक्षक बर्ग, राजनितिककर्मीहरु, विभिन्न सामाजिक व्यक्तित्वहरु, विभिन्न पेशा व्यवसायसँग आवद्ध व्यक्तित्वहरु लगायत सबै चन्द्रकोटबासी आम नागरिकहरुमा शुभकामना सन्देश जारी गर्ने। साथै सोही अवसरमा मनोरञ्जनका रुपमा पड्काईने पटका, भुईंचम्पाहरु लगायत विष्पोटक पदार्थहरु नपड्काउन, जुवा तास नखेल्न साथै दीपावलीको अवसरमा प्रयोग गरीने फूल तथा मालाहरु प्रयोग गर्दा सकेसम्म स्थानीय रुपमा उत्पादन भएका फूलहरु प्रयोग गर्नका लागि सार्वजनिक अपील गर्ने।

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत